# रगनी चण्डेश्वरी क्याम्पस

# खिजीदेम्बा -२, रगनी,ओखलढुंगा

# स्थापित: २०७०

# प्रगती प्रतिवेदन २०७९/०८०

# प्रतिवेदन तयार समिति

## संयोजक

**श्री चित्र कुमार पौडेल**
**क्याम्पस प्रमुख**

## सदस्यहरु

**श्री शिव बहादुर खड्का (सहायक क्याम्पस प्रमुख)**

**श्री जीवन नेपाल (उप - प्राध्यापक)**

**श्री कृष्ण बहादुर विष्ट (कम्प्युटर)**

## Table of contents

## Background

**Topics** **Page No.**


**1. Academic Progress ……………………………………………. 6**

**1.1. Enrolment trend Analysis of the last three years …………. 6-8**

**1.2. Pass rate trend Analysis of the last three years …………… 8-9**

**1.3. Graduate trend Analysis of last three years ………………. 9**

**1.4. Programs …………………………………………………..9**

**1.5. Education Pedagogy …………………………………………9-11**

**2. Physical Development …………………………………………11-12**

**2.1. Infrastructural Development ……………………………….11-12**

**2.2. Educational Aids ……………………………………………12**

**2.2.1. Educational Equipment (ICT Lab Equipment etc) ……12**

**2.2.2 Books/Journals/Reference materials ……………………12**

**2.2.3. Furniture ……………………………………………………13**

**3. Financial Progress ……………………………………………13**

**3.1. Analysis of financial resources /income of the last three years …………14**

**3.2. Self-Generated Resources / Income ………………….........15**

**3.2.1. Students Fee ………………………………………………15**

**3.2.2. Others ……………………………………………………..16**

**3.2.3. Grants from Government Source ………………………16**

**3.2.4. UGC ………………………………………………………16**

**3.2.5. Other Government Bodies ………………………………17**

**3.3. Expenditures Analysis of the last three years …………..17**

**4. Social Progress ………………………………………………17-18**

**4.1. Campus's Involvements in social Activities …………….18**

**4.2. Society's contributions for campus ……………………...18**

**4.3. Plan for campus's contributed to society ……………….18-19**

**4.4. Plan for increased Involvement of society in the campus …….19**

**5. Issues and Challenges ……………………………………...19**

**5.1. Short Term …………………………………………………19**

**5.2. Long Term …………………………………………………19**

**5.3. Mitigation Measures Take to Address the Issues and Meet the challenges …….19**

**5.3.1. Plan for Addressing the Issues and Challenges ……...20**

**6. Annual Work plan and Budge of the current fiscal year …20-21**

**Executive Summery**

**१.१ क्याम्पसको छोटो परिचय ( Short Introduction of Campus )**

नेपालको कोशी प्रदेश अन्तरगत ओखलढुंगा जिल्ला खिजीदेम्बा गाउँपालिका वार्ड नं. २ रगनी पोल्थलीमा २०७० सालमा स्थापित रगनी चण्डेश्वरी क्याम्पस स्थापना र सञ्चालन गर्न श्री चण्डेश्वरी उ. मा.बि. रगनी, तत्कालिन रगनी गा.बि.स.रगनी गा.वि.स. भित्रका सक्रिय राजनैतिक दलहरुको साथै वुद्विजीवि, शिक्षाप्रेमी,शिक्षक,अभिभावक,समाजसेवी,स्थानीय सरोकारवालाहरुको विशेष उल्लेखनीय भूमिका रहेको थियो । बि.सं. २०६७/६८ सालमा तत्कालिन शिक्षकहरु तथा बिव्य.स. का पदाधिकारीहरुलाइ यस क्याम्पसका सुत्राधारको रुपमा लिन सकिन्छ। क्याम्पस स्थापनाका लागि लाग्ने सम्पूर्ण आर्थिक, भौतिक, शैक्षिक सामग्री, शैक्षिक जनशक्ती उपलब्ध गराउने श्री चण्डेश्वरी उ. मा.बि. रगनीकै भौतिक पूर्वाधारमा नै हालसम यो रगनी चण्डेश्वरी क्याम्पस सञ्चालन भैरहेको छ। श्री चण्डेश्वरी उ. मा.बि. रगनी (हाल चण्डेश्वरी मा.बि.)ले यस रगनी चण्डेश्वरी क्याम्पसका नाममा ३ रोपनी जग्गा खरिद गरी रजिष्ट्रेसन गरिदिए पनि क्याम्पसको आफ्नै भवन छैन । जसले गर्दा क्याम्पसका ९:३० पछिका कक्षाहरु सञ्चालनमा ज्यादै कठिनाई परिरहेको छ । राज्य पुनर्संरचनाका क्रममा साविकको रगनी गा.बि.स. सहित समेटिएर खिजीदेम्बा गाँउपालिका गठन भएपछि खिजीदेम्बा गाँउपालिकाबाट नियमित रुपमा रगनी चण्डेश्वरी क्याम्पसको शैक्षिक गुणस्तर अभिबृद्धि तथा भौतिक बिकासका लागि विनियोजित आ.ब. २०७५/७६ को वार्षिक बजेटबाट रु. १०,००,०००/- (अक्षेरुपी दश लाख मात्र) र आ.व. २०७६ / ७७ को बार्षिक बजेटबाट क्याम्पसले आफूलाई आवश्यक पर्ने फर्निचर, ICT का सामग्रीहरु र अन्य अफिसियल प्रयोजनका लागि उपयोगी सामग्रीहरुको व्यवस्थापन गर्न सक्षम भएको छ । यस आ. ब. २०७७/७८ को बार्षिक बजेटबाट रगनी चण्डेश्वरी क्याम्पसको लागि जग्गा खरिद गर्नका रु.१०,००,०००/- (अक्षेरुपी दश लाख मात्र) विनियोजन गरिएको र उक्त रकमबाट यस रगनी चण्डेश्वरी क्याम्पसको नाममा १२-५-०-० क्षेत्रफल भएको जग्गा खरिद गरिएको छ । आ.ब २०७८ / ०७९ मा गा.पा. अनुदानबाट प्राप्त रकम रु १० लाख बाट फर्निचर र ICT का सामानहरु निर्माण र खरिद गरिएको छ । आ.व २०७८ / ०७९ मा विश्वविद्यालय अनुदान आयोगबाट भवन निर्माणको लागि प्राप्त भएको रकम रु ५० लाख र रगनी चण्डेश्वरी क्याम्पसको आफ्नै श्रोतबाट व्यहोरी रु ७०,१६,५५८ (सत्तरी लाख सोह्र हजार पाँच सय अन्ठाउन्न) को लागतमा तीन कोठे पक्की भवन निर्माण कार्य सम्पन्न गरियो । उक्त ३ कोठे पक्की भवनमा तला थपी ६ कोठे पक्की भवन बनाउन २०७९ पौषमा विश्वविद्यालय अनुदान आयोगमा प्रस्ताव गरिएकोमा पुनः विश्वविद्यालय अनुदान आयोगले २०८०/०८१ को बजेटबाट रगनी चण्डेश्वरी क्याम्पसलाई रु ५०,००००० (अक्षेरुपी पचास लाख) अनुदान विनियोजन गरेसँगै आगामी चैत्र मसान्तभित्र रगनी चण्डेश्वरी क्याम्पसको आफ्नै ६ कोठे पक्की भवन हुने निश्चित छ । हाल उक्त कार्य आगामी फागुन मसान्तभित्र सम्पन्न गर्नुपर्ने समयसीमा सहित ठेकेदार कम्पनी हिमाल कन्सट्रक्शन प्रा.लि. मन्थली १ रामेछाप सँग सम्झौता गरी क्याम्पसको तर्फबाट कार्यदेश पनि दिइसकेको छ । यस कार्यका लागि रगनी चण्डेश्वरी क्याम्पस परिवार विश्वविद्यालय अनुदान आयोग प्रति हार्दिक आभार व्यक्त गर्दछौं । शिक्षाशास्त्र संकाय अन्तर्गत गणित,नेपाली, जनसंख्या र अंग्रेजी विषयहरु विशिष्टिकरण विषयको रुपमा अध्यापन हुने यस क्याम्पसमा विषयगत रुपमा दक्ष शिक्षकहरुको व्यवस्था गरिएको छ । शैक्षिक सत्र २०७६/०७७ मा १०५ जना विद्यार्थीहरु, २०७७/०७८ मा १४३ जना, २०७८/०७९ मा १७३ जना र २०७९/०८० मा १४१ र हाल २०८०/८१ मा १८५ जना विद्यार्थीहरु भर्ना भइ अध्ययनका लागि भर्ना भएतापनि भौगोलिक विकटता, यातायातको असुविधा, गरिबी आदि कारणले सबैलाई क्याम्पसमा नियमित गराउन भने सकिएको छैन । स्थापना काल २०७० देखि हालसम्म यस

क्याम्पसबाट त्रिभुवन विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालयले सञ्चालन गरेको परीक्षामा सहभागी विद्यार्थीहरुले राम्रो नतीजा निकाल्न सफल भएका छन् भन्ने कुरा विद्यार्थी उत्तीर्ण दरको तालिकाबाट स्पष्ट हुन्छ ।

क्याम्पसको प्रमुख आम्दानीको आन्तरिक श्रोत विद्यार्थीहरुबाट उठ्ने शुल्क नै रहेको छ । यस बाहेक विश्वविद्यालय अनुदान आयोग(UGC) बाट प्राप्त अनुदान प्रदेश सरकार शिक्षा विकास निर्देशनालय कोशी प्रदेश धनकुटाबाट प्राप्त हुने प्रस्तावमा आधारित अनुदान नै रहेको छ । आर्थिक आय व्ययको नियमित लेखापरीक्षण गराईरहेको र सो को प्रतिवेदनमा लेखा परीक्षकले कुनै त्रुटी नपाएको कारण यस क्याम्पसको लेखा व्यवस्थापन चुस्त दुरुस्त रहेको देखिन्छ । शिक्षा र समाजको घनिष्ट सम्बन्ध हुने हुँदा समाजको उन्नती, प्रगती र विकासका लागि अन्य संघ संस्थाले जस्तै रगनी चण्डेश्वरी क्याम्पसले पनि आफ्नो भूमिका निर्वाह गरिरहेको छ । बिश्वव्यापी रुपमा फैलिरहेको कोरोना भाईरस (COVID-19 ) को महामारीबाट समाजलाई बचाउन यहाँका शिक्षक, विद्यार्थी, कर्मचारीहरुले समाजमा जनचेतना जगाउने कार्यमा सहभागि हुनु, बिपन्न बिद्यार्थीहरुलाई आफूले सकेको छात्रवृत्ती उपलब्ध गराउनु, विभिन्न संघ संस्था र दाता निकायहरुसँग समन्वय गरी बिद्यार्थीहरुलाई सहयोग उपलब्ध गराउने कार्य समेत क्याम्पसले गरेको छ । कोरोना भाईरस (COVID-19) को महामारी न्युन भएसँगै क्याम्पसका नियमित पठनपाठन देखि लिएर अन्य प्रशासनिक कार्यहरु नियमित रुपमा सन्चालन भइरहेको छ । न्यून आम्दानीको श्रोत, आफ्नो भवन नहुनु, व्यवस्थित पूस्तकालयको अभाव, आधुनिक शैक्षिक सामग्रीको अभाव आदिलाई चुनैतिका रुपमा लिएको यस रगनी चण्डेश्वरी क्याम्पसले बिभिन्न संघ संस्थाबाट प्राप्त अनुदान, स्थानीय तहको सहयोग र सदभावलाई सदुपयोग र परिचालन गर्दै अगाडी बढ्ने प्रयत्न गरिरहने छ ।

यस क्याम्पसले निरन्तर रुपमा क्याम्पस सभाको आयोजना गरेर आफ्ना गतिविधिहरु सार्वजनिक गर्दै आएको छ । अभिभावकहरु, लेखा परिक्षण प्रतिवेदन, क्याम्पस सभा, विद्यार्थीहरु, स्थानीय निकाय, वुद्धिजीविहरु र शिक्षाप्रमीहरुबाट प्राप्त सुझावहरु ग्रहण गर्दै समयको मागअनुसार क्याम्पस अघि बढ्न सदैव प्रतिवद्ध छ । अन्त्यमा, सरोकारवाला पक्षहरुसँगको सम्बन्ध थप सुदृढ पार्दै विगतदेखी वर्तमान सम्म यस क्याम्पसले प्राप्त गरेका उपलब्धिहरुको रक्षा गर्नुको साथै आगामी दिनहरुमा शैक्षिक गुणस्तर अभिवृद्धिका साथै व्यवसायी तथा प्राविधिक शैक्षिक कार्यक्रमहरु थप गर्ने लक्ष लिएको छ । समुदायको साथ र सहयोग प्राप्त गर्न सफल भएमा समुदाय र क्याम्पस दुवैको भविष्य उज्जवल हुनेमा हामी प्रतिवद्ध छौं ।

## पृष्ठभूमी(Background)

रगनी चण्डेश्वरी क्याम्पस नेपालको संविधान २०७२ ले जारी गरेको प्रादेशिक विभाजन अनुसार कोशी प्रदेश ओखलढुंगा जिल्ला खिजीदेम्वा गा.पा. वडा नं. २ रगनी पोल्थलीमा रहेको छ । तत्कालीन श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालय रगनीको आर्थिक, भौतिक तथा शैक्षिक सहयोगमा स्थापित रगनी चण्डेश्वरी क्याम्पस ओखलढुंगा सदरमुकामबाट १६ कोष उत्तर-पश्चिम भागमा र राजधानी काठमाडौंबाट झण्डै २५० कि.मि. पूर्वमा रहेको छ । यस क्याम्पसको स्थापना गर्न श्री चण्डेश्वरी उच्च माध्यामिक विद्यालय रगनी, तत्कालिन रगनी गा.वि.स, गा.वि.स.का राजनीतिक दलहरु, शिक्षक, वुद्धिजीवि र सम्पूर्ण जनसमुदायहरुको योगदान अविस्मरणीय रहेको छ ।

वि.सं. २०६७/२०६८ देखि विभिन्न प्रक्रियागत चरणहरु पार गरी २०७० साल पौष १७ गतेको त्रिभूवन विश्वविद्यालय उपकुलपतिको कार्यालय योजना महाशाखाको स्वीकृति पत्रको सर्तमा रही शिक्षाशास्त्र संकाय अन्तर्गत ३ वर्षे वि. एड. कार्यक्रममा नेपाली, अंग्रेजी, गणित र जनसंख्या शिक्षा विशिष्टीकरण विषय अध्यापन गर्ने गरी सम्बन्धन प्राप्त भए पछि शैक्षिक सत्र २०७० / ०७१ देखि कक्षा सन्चालन सुरु भएको थियो । हाल यस क्याम्पसमा शैक्षिक सत्र २०७२/०७३ देखि चार बर्षे वि. एड. कार्यक्रम सन्चालन भइरहेको छ । यस रगनी चण्डेश्वरी क्याम्पसले लिखुखोला आसपासलाई आफ्नो जन्मथलो र कर्मथलो बनाई बसेका सबै संघ-संस्था, निकायहरुको अनुदान नै दुर-दराजमा स्थापित हाम्रो जस्तो पब्लिक क्याम्पसहरुको आधार स्तम्भ हुने कुरामा हामी आशावादी छौं र धन्यवाद टक्रयाउछौं ।

## 1. Academic Progress

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी समुदायिक क्याम्पसका रुपमा सन्चालित रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा - २ रगनीमा शिक्षाशास्त्र संकाय अन्तर्गत चार बर्षे स्नातकतह कार्यक्रममा अंग्रेजी, गणित, नेपाली र जनसंख्या शिक्षा विशिष्टीकरण विषयका रुपमा पठन पाठन भैरहेको छ । भर्ना दरमा सालैपिच्छे वृद्धि, परीक्षामा सामेल विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत बढ्नु, समुदायका विभिन्न संघ संस्थाहरुले उच्च सम्मानको व्यवहार गर्नु, समुदायमा उच्च शिक्षा दिने संस्थाहरुमा गनिनुलाई यस क्याम्पसको प्रगति मान्नु पर्दछ । भौतिक, आर्थिक, शैक्षिक समस्या सँग जुध्दै यस क्याम्पसबाट हालसम्म ४८ जनाले स्नातक तह पास गरेका छन् । यस कार्यले राष्ट्रीय जनशक्ती निर्माणमा योगदान पुऱ्याएको मान्नु पर्दछ । यस क्याम्पसको समग्र शैक्षिक प्रगतिलाई निम्नानुसार प्रस्तुत गरिएको छ।

### 1.1. Enrolment trend Analysis of the last three years

यस रगनी चण्डेश्वरी क्याम्पसमा चार बर्षे स्नातक तहमा शिक्षा शास्त्र संकाय अन्तर्गत विशिष्टीकरण विषयहरु अंग्रेजी, गणित, नेपाली र जनसंख्या विषयहरुको नियमित पठन पाठन भैरहेको छ । शैक्षिक वर्ष २०७६ / ७७, शैक्षिक वर्ष २०७७/७८ र शैक्षिक वर्ष २०७८ / ७९ मा यस क्याम्पसको विद्यार्थीको भर्ना विवरण नम्नि तालिकामा उल्लेख गरिएको छ ।

**तालीका नं १**

**गत तीन शैक्षिक वर्षको विद्यार्थी भर्ना विवरण**

| शैक्षिक वर्ष | | विद्यार्थी भर्ना विवरण | | | | | | | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | अन्य | | | जनजाती | | | दलित | | | जम्मा | | |
| | | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७८/०७९ | प्रथम | ५ | ४ | ९ | ११ | ३० | ४१ | - | - | - | १६ | ३४ | ५० |
| | दोस्रो | २ | १ | ३ | १६ | १७ | ३३ | - | १ | १ | १८ | १९ | ३७ |
| | तेस्रो | ५ | ४ | ९ | ११ | ३० | ४१ | १ | - | १ | १७ | ३४ | ५१ |
| | चौथो | २ | ८ | १० | ५ | १९ | २४ | १ | - | १ | ८ | २७ | ३५ |
| | **जम्मा** | **१४** | **१७** | **३१** | **४३** | **९६** | **१३९** | **२** | **१** | **३** | **५९** | **११४** | **१७३** |
| २०७९/०८० | प्रथम | ८ | ९ | १७ | ९ | १३ | २२ | - | - | - | १७ | २२ | ३९ |
| | दोस्रो | ५ | ३ | ८ | ११ | ३१ | ४२ | १ | - | १ | १७ | ३४ | ५१ |
| | तेस्रो | २ | ८ | १० | ५ | १९ | २४ | १ | - | १ | ८ | २७ | ३५ |
| | चौथो | १ | २ | ३ | २ | ७ | ९ | १ | - | १ | ४ | ९ | १३ |
| | **जम्मा** | **१६** | **२२** | **३८** | **२७** | **७०** | **९७** | **३** | **-** | **३** | **४८** | **९२** | **१४०** |
| २०८०/०८१ | प्रथम | ६ | ७ | १३ | १२ | १८ | ३० | १ | १ | २ | १९ | २६ | ४५ |
| | दोस्रो | ८ | ९ | १७ | ९ | १३ | २२ | - | - | - | १७ | २२ | ३९ |
| | दोस्रो | १ | १ | २ | १८ | १६ | ३४ | - | १ | १ | १९ | १८ | ३७ |
| | तेस्रो | ५ | ३ | ८ | ३ | २१ | २४ | - | - | - | ८ | २४ | ३२ |
| | चौथो | २ | ७ | ९ | ५ | १९ | २४ | - | - | - | ७ | २६ | ३३ |
| | **जम्मा** | **२२** | **२७** | **३९** | **४७** | **८७** | **१३४** | **१** | **२** | **३** | **७०** | **११६** | **१८६** |

*श्रोतः क्याम्पसको अभिलेख*

तालीका नं १ हेर्दा शैक्षिक सत्र २०७८ /०७८ मा छात्र ५९ र छात्रा ११४ गरी जम्मा १७३ विद्यार्थी भर्ना भएका छन । शैक्षिक सत्र २०७९/०८० मा छात्र ४८ र छात्रा ९२ गरी जम्मा १४० विद्यार्थी भर्ना भएका छन । त्यसैगरी शैक्षिक सत्र २०८०/०८१ मा छात्र ७० र छात्रा ११६ गरी कुल १८६ विद्यार्थी भर्ना भएका छन् । हरेक साल विद्यार्थीहरुको भर्ना दर बढ्दै गइरहेकाले क्याम्पसको आवश्यकता बढ्दै गएको मान्न सकिन्छ । क्याम्पसमा इन्टरनेटको समस्या भएकाले

अनलाइन क्लास पनि संचालन नभएको हुँदा विद्यार्थीहरुमा सिकाइमा अवरोध आएको छ । हाल क्याम्पसका कक्षाहरु नियमित रुपमा सन्चालन भइरहेका छन ।

### 1.2. Pass rate trend Analysis of the last three years

३ शैक्षिक वर्षमा विद्यार्थीहरुको उत्तीर्ण दर कस्तो रह्यो भनी हेर्न प्रत्येक शैक्षिक वर्ष र तहमा परीक्षामा सम्मिलित विद्यार्थीहरुको संख्या र उत्तीर्ण विद्यार्थीहरुको संख्या नै हेर्न उपयुक्त देखिन्छ, किनकि भर्ना भएका सबै विद्यार्थीहरुले परीक्षा आवेदन नभर्ने, परीक्षा आवेदन भरेका सबै परीक्षा दिन नजाने र परीक्षा आवेदन फारम नियमित र आंशिक दुबैको संगै भर्ने र सिम्बोल नम्बर क्रम संगै हुने हुनाले परीक्षामा सम्मिलितहरुको उत्तीर्ण दर हेर्न उपयुक्त ठानेका छौं । रगनी चण्डेश्वरी क्याम्पसबाट परीक्षामा सम्मिलित विद्यार्थीहरु र उत्तीर्ण दर निम्नअनुसार रह्यो ।

| शैक्षिक वर्ष | कक्षा | सहभागी विद्यार्थी | उत्तीर्ण |
|---|---|---|---|
| २०७७/०७८ | बि.एड. प्रथम वर्ष (चार वर्षे) | ३८ | १३ |
| | बि.एड. दोस्रो वर्ष (चार वर्षे) | १५ | ८ |
| | बि.एड. तेस्रो वर्ष (चार वर्षे) | २४ | ७ |
| | बि.एड. चौथो वर्ष (चार वर्षे) | २१ | ७ |
| २०७८/०७९ | बि.एड. प्रथम वर्ष (चार वर्षे) | ५१ | २६ |
| | बि.एड. दोस्रो वर्ष (चार वर्षे) | ३५ | ३४ |
| | बि.एड. तेस्रो वर्ष (चार वर्षे) | १३ | १० |
| | बि.एड. चौथो वर्ष (चार वर्षे) | २३ | १० |
| २०७९/०८० | बि.एड. प्रथम वर्ष (चार वर्षे) | ३९ | रिजल्ट नभएको |
| | बि.एड. दोस्रो वर्ष (चार वर्षे) | ३४ | रिजल्ट नभएको |
| | बि.एड. तेस्रो वर्ष (चार वर्षे) | ३३ | रिजल्ट नभएको |
| | बि.एड. चौथो वर्ष (चार वर्षे) | १० | १ |

*श्रोतः क्याम्पसको अभिलेख*

शैक्षिक सत्र २०७७/७८मा वि.एड प्रथम वर्षको परीक्षामा ३८ जना परीक्षार्थी सहभागी भएकोमा १३ जना उत्तीर्ण भएको, दोस्रो वर्षको परीक्षामा १५ जना सहभागी भएकोमा ८ जना उत्तीर्ण भएको, तेस्रो वर्षको परीक्षामा २४ जना सहभागी भएकोमा ७ जना र चौथो बर्षमा २१ जना परीक्षार्थी सहभागी भएकोमा ७ जना विद्यार्थी उत्तीर्ण भएका छन् । शैक्षिक सत्र २०७८/०७९ मा प्रथम बर्षमा ५१ जना परीक्षार्थी सहभागी भएकोमा २६ जना, द्धितिय बर्षमा ३५ जना सहभागी भएकोमा ३४ जना उत्तीर्ण भएका छन् । तृतिय वर्षमा १३ जना सहभागी भई १० जना उत्तीर्ण र चौथो वर्षमा २३ जना सहभागी भई १० जना उत्तीर्ण भएका छन् ।

शैक्षिक सत्र २०७९/८० मा प्रथम वर्षमा ४० जना सहभागी भएको र नतीजा प्रकाशित नभएको त्यसैगरी सोही शैक्षिक सत्रमा अर्को प्रथम वर्षका ३९ जना विद्यार्थीहरु परीक्षामा सहभागी भएको र नतीजा प्रकाशित नभएको। द्वित्तिय वर्षमा ३२ जना परीक्षार्थी सहभागी भएको र नतीजा प्रकाशित नभएको, तृतीय वर्षमा ३३ जना विद्यार्थी सहभागी भई नतीजा प्रकाशित नभएको र चौथो वर्षका १० जना परीक्षार्थीहरु सहभागी भई १ जना उत्तीर्ण भएका छन्।

### 1.3. Graduate trend Analysis of the last three years

रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा - २ ओखलढुंगाको स्नातक तह ४ वर्षे वि.एड. कार्यक्रम अन्तरगत पछिल्लो ३ शैक्षिक वर्षको उत्तीर्ण गर्ने विद्यार्थीहरुको विषयगत र लैङ्गिक उत्तीर्ण दर तालीका ३ मा उल्लेख छ।

**तालिका ३**

| साल | जनसंख्या | | | अंग्रेजी | | | गणित | | | नेपाली | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| २०७८ | - | २ | २ | १ | - | १ | १ | - | १ | - | - | - | २ | २ | ४ |
| २०७९ | - | २ | २ | - | २ | २ | २ | - | २ | - | - | - | २ | ४ | ६ |
| २०८० | - | ३ | ३ | - | २ | २ | १ | - | १ | - | - | - | १ | ५ | ६ |
| जम्मा | - | ७ | ७ | १ | ४ | ५ | ४ | - | ४ | - | - | - | ५ | ११ | १६ |

### 1.4. Programs

रगनी चण्डेश्वरी क्याम्पसको स्थापन यस भेगमा रहेको तालिम प्राप्त शैक्षिक जनशक्ती को अभाव, उच्च शैक्षिक संस्थाको अभाव, प्रोपाइटर श्री चण्डेश्वरी उ.मा.वि.मा रहेको विद्यमान जनशक्ति आदिलाई मध्यनजर गरेर नै "शिक्षा विषय" को क्याम्पस खोल्ने निर्णय भएको थियो। २०६७ साल फागुन महिनामा चण्डेश्वरी माद्यमिक बिद्यालय रगनीको पहलमा बसेको भेलाको निर्णय र त्रि. वि. कार्यकारी परिषद २०७०/०७/०८ को निर्णय अनुसार शिक्षा शाखा संकाय अन्तर्गत तीन बर्षे बि.एड. मा नेपाली अंग्रेजी, गणित र जनसंख्या शिक्षा विषयमा अध्यापन गर्ने गरी स्थापना भएको थियो। त्रि.वि. ले चार बर्षे स्नातकका कार्यक्रमहरु सुरु गरेपछि २०७२ साल देखि चार वर्षे स्नातक तहका कार्यक्रमहरु संचालनमा रहेका छन्। चार वर्षे स्नातक कार्यक्रममा पनि पुरानै विषयहरुलाई निरन्तरता दिइरहेको छ।

### 1.5. Education Pedagogy

यस क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने हेतुले मुख्यतः निम्न अनुसारका प्रयासहरु अवलम्बन गरिएको छः

### 1.5.1. प्रवेश परीक्षाको व्यवस्था

यस क्याम्पसमा स्नातक तहमा भर्ना हुन चाहने योग्यता पूरा गरेका विद्यार्थीहरुले क्याम्पसद्वारा लिइने प्रवेश परीक्षा उत्तीर्ण गर्नुपर्ने र प्रवेश परीक्षा उत्तीर्ण गरेका विद्यार्थीलाई अन्तरवार्ता तथा सामुहिक छलफलमा सहभागी गराई योग्यताक्रमका आधारमा भर्ना तथा उत्कृष्ट विद्यार्थीहरुलाई छात्रवृत्ती प्रदान गर्ने व्यवस्था मिलाइएको छ।

### 1.5.2. आन्तरिक परीक्षाको व्यवस्थाः

विद्यार्थीको शैक्षिक उन्नती तथा नतीजा सुधार गर्ने उद्देश्यले प्रत्येक शैक्षिक सत्रमा ३० प्रतशत, ५० प्रतिशत र १०० प्रतिशत अंकका तीन ओटा आन्तरिक तथा एकाई परीक्षा लिई निरन्तर मुल्याङ्कन गर्ने व्यवस्था मिलाइएको छ। यस कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आन्तरिक परीक्षा समिति गठन गर्नुका साथै विद्यार्थीको नतीजा विश्लेषण गरी आवश्यक पृष्ठपोषण गर्ने व्यवस्था मिलाइएको छ।

### 1.5.3. तालिम तथा गोष्ठीः

यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरुको कार्यदक्षता वृद्धिका लागि क्याम्पसले तालिम तथा गोष्ठी आयोजना गर्नुका साथै अन्य संस्था तथा निकायहरुद्वारा आयोजित तालिम,गोष्ठी, सेमिनार आदिको संग्लग्नतामा जोड दिंदै आएको छ।

### 1.5.4. विषय विभागहरुको व्यवस्थाः

यस क्याम्पसको शैक्षिक गतिविधिहरुलाई व्यवस्थित ढंगबाट स ञ्चालन गर्नका लागि विभिन्न विषय विभागहरुको व्यवस्था मिलाई कार्य तथा जिम्मेवारी विभाजन गरिएको छ।

**तालिका ४**

| क्र.स. | विभागको नाम | विभागीय प्रमुख |
|---|---|---|
| १. | व्यवस्थापन विभाग | क्याम्पस प्रमुखः चित्र कुमार पौडेल |
| २. | गणित शिक्षा विभाग | उपप्राः सन्त बहादुर मगर |
| ३. | अंग्रेजी शिक्षा विभाग | उपप्राः सुरेन्द्र बहादुर साउँद |
| ४. | नेपाली भाषा तथा साहित्य विभाग | उपप्राः जीवन नेपाल |
| ५. | जनसंख्या शिक्षा विभाग | सहायक क्याम्पस प्रमुखः शिव वहादुर खड्का |

### 1.5.5. विभिन्न एकाइहरुको व्यवस्थाः

यस क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि क्याम्पसले निम्न अनुसारका एकाइहरुको व्यवस्था गरेको छः

**तालिकाः ५**

| क्र. सं. | एकाइ | एकाइ संयोजक |
|---|---|---|
| १ | प्राध्यापक संघ | सहायक क्या.प्र. शिव वहादुर खड्का |
| २ | अतिरिक्त क्रियाकलाप एकाइ | शिक्षकः कृष्ण बहादुर विष्ट |
| ३ | विद्यार्थी परामर्श एकाइ | उपप्राः चित्र कुमार पौडेल |
| ४ | सामाजिक सम्बन्ध विकास | उपप्राः तीर्थ शंकर घिमिरे |
| ५ | शैक्षिक व्यवस्थापा तथा सूचना प्रणाली | उपप्राः डिल्ली प्रसाद घिमिरे |
| ६. | स्व. मुल्याङ्कन समिति | क्याम्पस प्रमुखः चित्र कुमार पौडेल |

## 2. Physical Development

### 2.1 Infrastructural Development

रगनी चण्डेश्वरी क्याम्पसको स्थापना तत्कालीन श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालय (हाल चण्डेश्वरी मा.वि.) रगनी पोल्थली ओखलढुंगालाई आधार मानी गरिएको थियो । हालसम्म पनि क्याम्पसलाई आवश्यक पर्ने कक्षाकोठाहरु विद्यालयले नै उपलब्ध गराइरहेको छ । श्री चण्डेश्वरी उच्च माध्यमिक विद्यालयले नै क्याम्पसको नाममा ३ रोपनी जग्गा रजिस्ट्रेशन गरि दिएको थियो । यस क्याम्पसको भौतिक पूर्वाधार विकासमा खिजीदेम्बा गा. पा. को योगदान अविस्मरणीय रहको छ । आ.व. २०७५/०७६ र २०७६ / ०७७ को बार्षिक वजेट विनियोजन गर्दा रगनी चण्डेश्वरी क्याम्पसको शैक्षिक गुणस्तर अभिबृद्धि तथा भौतिक विकासमा १०/१० लाख रुपैंया विनियोजन गरिदिएको थियो । जुन वजेटबाट क्याम्पसको लागि आवश्यक पर्ने फर्निचरहरु निर्माण गर्न र शिक्षक तलव भत्तामा खर्च गर्न सहज भएको थियो । पुनः आ.व. २०७७/०७८ को वजेट विनियोजन गर्दा रगनी चण्डेश्वरी क्याम्पसलाई भवन निर्माण गर्न उपयोग हुने जग्गा खरीद गर्न रु १० लाख विनियोजन गरिदिंदा क्याम्पसको नाममा १२-५-०-० क्षेत्रफल भएको जग्गा खरीद गरी सकिएको छ । आ.ब. २०७८/०७९ मा विश्वविद्यालय अनुदान आयोगले ३ कोठे भवन निर्माणका लागि रु. ५००००००/- अनुदान दिएको हुँदा क्याम्पसको आन्तरिक स्रोत समेत परिचालन गरी रु ७० लाख १६ हजार पाँच सयमा ३ कोठे पक्की भवन निर्माण गरियो उक्त अधुरो भवनलाई तला थपि पूर्ण गराउन विश्वविद्यालय अनुदान आयोगले आ.व. २०७९/०८० को बजेट विनियोजन गर्दा रगनी चण्डेश्वरी क्याम्पसलाई रु ५०,००००० विनियोजन गरिदिंदा हाल हिमाल कन्स्ट्रक्शन एण्ड सप्लायर्स प्रा.लि. मन्थली -१, रामेछाप र रगनी चण्डेश्वरी क्याम्पस विच २०८० कार्तिक ४ गते शनीबार सम्झौता सम्पन्न भई आगामी २०८० फागुन मसान्तसम्म क्याम्पस भवनको तला थपी सम्पन्न गर्ने र सो भवनको अगाडि ४२ मिटर लम्बाई र ३.५ मिटर उचाई र १ मिटर चौडाइको १५७.५ घनमिटर सपोर्टिङ मेशिनरी वाल सम्पन्न गर्ने सम्झौता भई क्याम्पसको तर्फबाट कार्यादेश समेत दिइसकिए पछि कम्पनीको लगातारको कार्य र हाम्रो अनुगमन तथा मूल्याङ्कन समितिको निगरानीमा हाल भवन पुरा भई प्लास्टर, रेलिङ, झ्याल ढोका,वाइरिङ जस्ता कार्यहरु भइसकेको साथै स्टमेट बमोजिमको मेशिनरी वाल निर्माण सँगै थप २४ घनमिटरको मेशिनरी सिंढी पनि निर्माण गरी क्याम्पसलाई सञ्चालक समितिको रोहबरमा जिम्मा लाउने काम भइसकेको छ । साथै

निर्माण कम्पनिलाई खिजिदेम्बा गाउँपालिकाका प्राविधिक तथा इन्जिनियरले तयार पारेको Work evaluation report का आधारमा भुक्तानी दिने काम अघि बढिरहेको छ । आजसम्म रगनी चण्डेश्वरी क्याम्पसको भौतिक, आर्थिक, शैक्षिक लगायत अन्य पक्षको विकासमा सहयोग पुऱ्याउनु हुने बिश्व बिद्यालय अनुदान आयोग (UCG),प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटा, खिजीदेम्बा गाँउपालिका र रेस्क्यु नेपाल लगायतका संघ संस्थाहरुको सहयोगको उच्च मूल्याङ्कन गर्दै धन्यवाद ज्ञापन गरिन्छ

२०८० सालसम्म आइपुग्दा यस क्याम्पसको भौतिक सम्पत्तिको विवरण यसप्रकार रहेको छः

**क. जग्गा :-** यस क्याम्पसको नाममा १५ रोपनी ५ आना जग्गा रहेको छ।

**ख. क्याम्पस भवन:-** श्री चण्डेश्वरी माध्यमिक विद्यालयमा पूर्ण रुपमा आश्रित यस क्याम्पसको UGC ले दिएको अनुदान रु. १०००००००/-(अक्षेरुपी एक करोड) र बाँकी आफ्नै श्रोतबाट निर्माण गरिएको ६ कोठे पक्की भवन रहेको छ।

## 2.2 Educational Aids

विद्यार्थीहरुको दैनिक पठन पाठन र अध्ययनको लागि आवश्यक स्रोत सामाग्रीको आवश्यकता पर्दछ । शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी र उपलब्धीमूलक बनाउन विषय सुहाउँदा शैक्षिक सामाग्रीहरुको व्यवस्था गर्न क्याम्पसले प्रयत्न गरेको छ । तापनि पर्याप्त छैनन् । आर्थिक अभावका कारण पर्याप्त सामाग्री व्यवस्थापन गर्न नसकिएता पनि निम्न प्रयत्न भएका छन् :

### 2.2.1. ICT का सामाग्रीहरु

ICT को ल्याब नभएपनि विद्यार्थीहरुलाई आधुनिक प्रविधि सँग परीचित गराउन र अफिसियल प्रयोजनका लागि निम्न सामाग्रीहरु रहेका छन् :

**तालिकाः ६**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | ल्याप्टप | ३ |
| २ | डेस्कटप कम्प्युटर | ७ |
| ३ | प्रोजेक्टर | २ |
| ४ | प्रिन्टर | २ |

*श्रोतः क्याम्पसको अभिलेख*

### 2.2.2 Books and Reference Material

विद्यार्थीहरुको स्व-अध्ययन गर्ने बानीको विकास गराउनका साथै पठन पाठन कार्यलाई सहज बनाउनका लागि चारवटै विशिष्टीकरण विषयका अतिरिक्त अन्य अनिवार्य विषयका विभिन्न लेखकका किताबहरु, अन्य सहायक सामग्रीहरु प्रयोगमा ल्याए पनि प्रशस्त किताबहरु र सामग्री भएको पुस्तकालय छैन। पत्र - पत्रिका र सञ्चारका अन्य साधनहरु पहुँचमा नभएरै व्यवस्था गर्न सकिएको छैन

### 2.2.3. Furniture

स्थापना काल २०७० देखि नै पूर्णरुपमा श्री चण्डेश्वरी उच्च माद्यामिक विद्यालय रगनी पोल्थलीको भौतिक पूर्वाधारमा चलेको यस क्याम्पसलाई पहिलो चोटी २०७४ सालमा रेष्क्यु नेपालले क्याम्पसको अफिसलाई व्यवस्थित गर्न दराज र केही कुर्सी उपलब्ध गराएर सुरु भएको कार्यक्रमलाई खिजीदेम्बा गा.पा. ले आ.व. २०७५/०७६ को वजेट बाट रु १०,००००० (अक्षेरुपी दस लाखमात्र), २०७६ / ०७७ को वजेटबाट रु.१०,००,०००/- (अक्षेरुपी दशलाख मात्र) र आ.व. २०७८/०७९ को बजेटबाट १० लाख विनियोजन गरिदिए पछि खरीद गरिएका फर्निचरहरुको विवरण निम्न अनुसार रहेको छ। गाउँ पालीकाले विनियोजन गरेका रकमले फर्निचर वाहेक केही रकम शिक्षक तलव भत्तामा खर्च गरिएको छ।

**तालिका ७**

| क्र.सं. | विवरण | परिमाण |
|---|---|---|
| १ | अफिस टेवल हेवि | ६ |
| २ | रिवलिङ चियर | २ |
| ३ | मिटिङ टेवल | १ |
| ४ | कुसान कुर्सी | १० |
| ५ | स्टुडेन्ट चियर | ८३ |
| ६ | सोफा सेट | २ |
| ७ | कार्पेट | ५३ मि. |
| ८ | पर्दा | १२ |
| ९ | दराज | ५ |
| १० | बुक ऱ्याक | २ |
| ११ | प्लाष्टिक कुर्सी | ५० |
| १२ | रोष्टम | ६ |
| १३ | ह्वाइट वोर्ड | ५ |
| १४ | डेक्स बेन्च | ७० जोर |

*श्रोतः क्याम्पसको अभिलेख*

## 3. Financial Progress

### 3.1. Analysis of Financial Resorce / income of the last three years.

क्याम्पस स्थापना गर्न आवश्यक धरौटी रकम समेत जम्मा गरिदिएको श्री चण्डेश्वरी उच्च मा. वि. को पहल कदमीबाट सुरु भई सञ्चालन भई रहेको रगनी चण्डेश्वरी क्याम्पसको मुख्य आर्थिक स्रोत भनेको विद्यार्थीहरुबाट उठ्ने शुल्क नै हो। विश्व विद्यालय अनुदान आयोगबाट प्राप्त अनुदान, प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटाको

प्रस्तावमा आधारित अनुदान रकम, वडापालिका, खिजीदेम्बा गाउँपालीका को अनुदान रकमलाई पनि क्याम्पस सञ्चालनको प्रमुख स्रोत मानिन्छ ।

यस रगनी चण्डेश्वरी क्याम्पसको गत तीन बर्षको आय विवरण यस प्रकार छ ।

**तालिका ८**

| क्र.सं. | आम्दानी शीर्षक | आ.व. २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० |
|---|---|---|---|---|
| १ | भर्ना शुल्क | १६००००/- | २४०७५०/- | २४५२५०/- |
| २ | त्रि.वि. दर्ता शुल्क | २६०००/- | ५३५००/- | ५४५००/- |
| ३ | मासिक शुल्क | १७४०००/- | ४३१४००/- | ३७२६००/- |
| ४ | पुस्तकालय शुल्क | ३६४००/- | ७४९००/- | ७६३००/- |
| ५ | युनियन शुल्क | ७८००/- | १६०५०/- | १६०५०/- |
| ६ | विद्यार्थी कल्याण शुल्क | १०४००/- | २१४००/- | २१८००/- |
| ७ | क्याम्पस विकास शुल्क | २६०००/- | ५३५००/- | ५४५००/- |
| ८ | खेलकुद शुल्क | ५२००/- | १०७००/- | ११९००/- |
| ९ | विविध शुल्क | ३००००/- | ५३५००/- | ५३५००/- |
| १० | परीक्षा शुल्क | ३३६००/- | ८४७००/- | ९७३००/- |
| ११ | प्रयोगात्मक परीक्षा शुल्क | ३५००/- | ४४०००/- | ३७०००/- |
| १२ | अभ्यास शिक्षण शुल्क | ७२०००/- | ७२०००/- | ४००००/- |
| १३ | आंशिक परीक्षा शुल्क | २८०००/- | १७५००/- | २५२००/- |
| १४ | प्रमाण पत्र शुल्क | १८०००/- | ३०००/- | १८०००/- |
| १५ | बैंक व्याज प्राप्त | ३५७५१.७५/- | १५३११८.७०/- | ६७२९९.७७/- |
| १६ | शिक्षा विकास निर्देशानलय धनकुटाबाट प्राप्त | - | - | ५०००००/- |
| १७ | UGC बाट प्राप्त नियमित अनुदान | ९०००००/- | १३६००००/- | १५८२०००/- |
| १८ | रा.ब. बैंकको मुद्दतीमा मौज्दात | २७०८५९१.४/- | - | ४७४४९४६.७९/- |
| १९ | घाँस | १०२२२/- | १०२२२/- | ४०००/- |
| २० | गा.पा. अनुदान | ९९९२००/- | - | ९६५९५१/- |
| २१ | UGC Building First Install | | २५००००००/- | २५०००००/- |
| २२ | UGC Building Second Install | | २५०००००/- | - |
| २३ | मेगा बैंकको खाताका मौज्दात | | - | १२०४६९५.९८/- |
| २४ | Project Work | | ११५००/- | - |
| जम्माः | | | | |

*श्रोतः क्याम्पसको अभिलेख*

*नोटः उक्त आयमध्ये विश्वविद्यालय अनुदान आयोगको रकम समेत बैंक खातामा भएको रकममा जम्मा गरिएको छ ।*

### 3.2. Self Generated Resources / Income

क्याम्पसको भौतिक विकास र शैक्षिक प्रशासनको नियमित सञ्चालनार्थ आवश्यक पर्ने आर्थिक श्रोतको पहिचान र सञ्चालन गर्ने जिम्मेवारी समग्र क्याम्पस परिवारको हो । सो जिम्मेवारी पुरा गर्न यस क्याम्पसले निम्नानुसारको श्रोत पहिचान गरी प्रयोग गरिरहेको छ ।

### 3.2.1 Student Fee

क्याम्पसको प्रमुख आम्दानीको श्रोत भन्नु ने बिद्यार्थीले क्याम्पसमा बुझाउने शुल्क हो । यस क्याम्पसले विद्यार्थीहरुबाट निम्नानुसारको शिर्षकमा शुल्क उठाउने गरेको छ ।

**तालिका -९**

| क्र.सं. | शिर्षक | प्रथम वर्ष रु... | दोस्रो वर्ष रु.... | तेस्रो वर्ष रु.... | चौथो वर्ष रु..... |
|---|---|---|---|---|---|
| १ | प्रवेश शुल्क | २२५०/- | २२५०/- | २२५०/- | २२५०/- |
| २ | त्रि.वि. दर्ता शुल्क | ५००/- | ५००/- | ५००/- | ५००/- |
| ३ | शिक्षण मासिक शुल्क | ३००/- | ३००/- | ३००/- | ३००/- |
| ४ | प्रयोगात्मक शुल्क | ५००/- | ५००/- | ५००/- | ५००/- |
| ५ | जरीवाना शुल्क | | | | |
| ६ | पुस्तकालय शुल्क | ७००/- | ७००/- | ७००/- | ७००/- |
| ७ | परीक्षा शुल्क | त्रि.वि.ले तोके बमोजिम | त्रि.वि.ले तोके बमोजिम | त्रि.वि.ले तोके बमोजिम | त्रि.वि.ले तोके बमोजिम |
| ८ | युनियन शुल्क | १५०/- | १५०/- | १५०/- | १५०/- |
| ९ | विद्यार्थी कल्याण शुल्क | २००/- | २००/- | २००/- | २००/- |
| १० | क्याम्पस विकास शुल्क | ५००/- | ५००/- | ५००/- | ५००/- |
| ११ | प्रमाण पत्र शुल्क | ३०००/- | ३०००/- | ३०००/- | ३०००/- |
| १२ | आवेदन फाराम शुल्क | १००/- | १००/- | १००/- | १००/- |
| १३ | परिचय पत्र शुल्क | | | | |
| १४ | खेलकुद | १००/- | १००/- | १००/- | १००/- |
| १५ | अन्य | | | | |
| | क) विविध | ५००/- | ५००/- | ५००/- | ५००/- |
| | ख) | | | | |

#### 3.2.2 Other's

बिद्यार्थी
शुल्क बाहेक यस क्याम्पसको आर्थिक श्रोतको रुपमा निम्नानुसारका निकायहरु रहेका छन् ।
क) वडा कार्यालयको अनुदान
(ख) गाँउपालिकाको अनुदान
ग) क्याम्पस सदस्यता शुल्क वापतको रकम
घ) अन्य

### 3.2.3 Grants From Government Source

पब्लिक क्याम्पसको रुपमा त्रि.बि. बाट सम्बन्धन प्राप्त गरी सञ्चालित यस क्याम्पसलाइ सरकारी निकायबाट नियमित अनुदान प्रदान गर्ने कार्य नभएता पनि आ.ब. २०७६/०७७ मा प्रदेश सरकारको शिक्षा विकास निर्देशानलय धनकुटाबाट भौतिक पूर्वाधार विकासका लागि रु. ५०००० र आ.ब. २०७९/०८० मा सञ्चालन अनुदानका लागि रु. ५००००० प्राप्त भएको छ ।

### 3.2.4 UGC

बिश्वविद्यालय अनुदान आयोग (UGC) ले यस अघि दिएको अनुदानको तालिका निम्नानुसार रहेको छ ।

**तालिका १०**

| क्र.सं. | विवरण | अनुदान प्राप्त रकम रु. |
|---|---|---|
| १ | शैक्षिक वर्ष २०७४/०७५ | ३५००००/- |
| २ | शैक्षिक वर्ष २०७५/०७६ | ७५१८२५/- |
| ३ | शैक्षिक वर्ष २०७६/०७७ | ७२००००/- |
| ४ | शैक्षिक वर्ष २०७७/०७८ | ९०००००/- |
| ५ | शैक्षिक वर्ष २०७८/०७९ | १३६००००/- |
| ६ | शैक्षिक वर्ष २०७९/०८० | ५००००००/- भवन निर्माण सम्पन्न |
| ७ | शैक्षिक वर्ष २०७९/०८० | १५८२०००/- (नियमित अनुदान) |
| ८ | शैक्षिक वर्ष २०८०/०८१ भवन निर्माण | ५००००००/- मध्ये २५ लाख खातामा जम्मा भएको |

### 3.2.5 Other Government Bodies

अन्य सरकारी निकायबाट खासगरी खिजीदेम्बा गाँउपालिका, वडा कार्यालय र प्रदेश सरकार शिक्षा बिकास निर्देशनालय धनकुटाले गरेको सहयोग बाहेक अन्य निकायबाट आर्थिक सहयोग प्राप्त भएको छैन।

### 3.3 Expenditure Analysis of the Last Three year

तालिका ११

| क्र.सं. | खर्च शिर्षक | खर्च रु. (आ.व. २०७७/७८) | खर्च रु. (आ.व. २०७८/७९) | खर्च रु. (आ.व. २०७९/८०) |
|---|---|---|---|---|
| १ | शिक्षक कर्मचारी तलबभत्ता | ८८२०००/- | ९८७५००/- | ८१८०००/- |
| २ | प्रशासनिक खर्च | ३७९३९४.५९/- | ६३२६५७.११ | ६२८०२६.८६ |
| ३ | जग्गा खरिद | ९२५००० | - | - |
| ४ | भवन निर्माण | - | - | ७२१६४६४.६२/- |
| ५ | पुस्तकालय | - | - | २७४७६०/- |
| ६ | शिक्षण अभ्यास तथा प्रयोगात्मक परीक्षा सम्बन्धि खर्च | - | - | ११८०००/- |
| ७ | त्रि.वि. तथा क्षे.प.नि.का. संग सम्बन्धित | - | - | १६९०६५/- |
| ८ | फर्निचर निर्माण | - | - | ३३९०५२/- |
| ९ | सापटी | - | - | ११९९०००/- |
|  | जम्मा |  |  | १०७६२३६८.४८/- |

## 4. Social Progress

शिक्षित, चेतनशील साथै समृद्ध समाज भएमा त्यस्तो समाजमा स्थापना गरिएका कुनै पनि संघ संस्थाहरुको प्रगति राम्रै हुन्छ। रगनी चण्डेश्वरी क्याम्पस रहेको यस क्षेत्रको समुदायको बारेमा भन्नु पर्दा खिजीदेम्बा गाउँपालीकाका सबै वडाहरु खुल्ला दिशामुक्त क्षेत्र घोषणा भइसकेका छन्। गाउँपालिकाका प्रत्येक वडाहरुमा माध्यमिक विद्यालय सहित ३- ७ वटा सम्म प्राथमिक र निम्न माध्यमिक विद्यालयहरु स्थापना भइसकेका छन्। गाउँपालीका भित्र तीन वटा उच्च माध्यमिक विद्यालय र हाम्रो क्याम्पस रहेको छ। यस क्षेत्रको समुदाय क्रमश: शिक्षित, चेतनशील र प्रगतितिर अगाडी बढी रहेको छ। यस क्षेत्रमा कृषि उपज राम्रो हुने व्यापार व्यवसाय पनि राम्रो अवस्थामा रहेकाले समाज समृद्धिको बाटोतिर अगाडि बढिरहेको छ यस भेगको समाज विभिन्न जात जाती, भाषा-भाषी र धर्मालम्वीहरुको साझा

फूलवारी हो । यहाँका वासिन्दाहरु एक आपसमा मिलेर बस्ने संस्कारको विकास परम्परा देखि रहँदै आएको छ । केही समय अगाडिदेखि समुदायमा रहेका युवा युवतीहरु वैदेशिक रोजगारमा जाने चलन बढेको छ । केही यूवा यूवतीहरु सरकारी तथा गैर सरकारी संस्थाहरुमा रोजगारी गर्दै आ-आफ्नो घर परिवारको समृद्धिमा सहयोग पुयाइ रहेका छन् । अहिले यस भेगका गाउँपालीकाहरुका सबै वडाहरुमा मोटर बाटोले जोडेको छ, राजधानीसँग सिधै सम्पर्क छ । कच्ची बाटाहरु वडा कार्यलय तथा गाउँपालिका लगायत विभिन्न संघ संस्थाहरुले वाटोको स्तरोन्नती र ग्रावेल गरिरहेका छन् । ओखलढुंगा जिल्ला र रामेछाप जिल्लाको बीच भएर बग्ने लिखु नदीमा १-२ किलोमिटरकै अन्तरमा ४ वटा हाइड्रोपावर निर्माण भएका छन् । प्रत्येक वडाहरुमा स्वास्थ्य चौकी र पालिकामा स्वास्थ्यकेन्द्र हुँदै अब प्रत्येक गाँउपालिकामा १-१ वटा ५ सैयाको अस्पताल उद्घाटन भएर सन्चालन भइरहेको छ। यस क्षेत्र जलवायुको दृष्टिकोणले पनि उपयुक्त छ। यहाँ समशितोष्ण जलवायु पाइन्छ । गर्मीमा धेरै गर्मी नहुने, जाडोमा पनि धेरै ठण्डी नहुने भएकोले क्याम्पसमा अध्ययन- अध्यापन गर्नेहरुका लागि यहाँको हावापानी उपयुक्त छ ।

### 4.1 Campus's Involvement in Social Activities

कुनै पनि शैक्षिक संस्था समाजमा निरपेक्ष रहन सक्दैन । हाम्रो क्याम्पस रगनी चण्डेश्वरी क्याम्पसले समाजका निम्न क्रियापलापहरुमा सहभागिता जनाई सहयोग गरेको छ ।

१. समाजमा रहेका विभिन्न विकृति र विसंगतिका विरुद्ध जनचेतना जनाउने काममा सहयोगी भूमिका खेलेका छ ।
२. मुटु, मृगौला, क्यान्सर जस्ता गम्भीर रोगबाट पिडित भएकाहरुलाई चन्दा संकलन गरी राहत दिने गरेको छ ।
३. महामारी रोग कोभिड १९ का विरुद्ध जनचेतना अभियानमा शिक्षक-विद्यार्थीहरुको सहभागिता रहेको थियो ।
४. वाल विवाह न्यूनिकरणको लागि सचेतना कार्यक्रम सञ्चालन
५. जातीय विभेद अन्त्यका लागि सक्रिय रहनु ।

### 4.2 Society's Contribution for Campus

तत्कालीन श्री चण्डेश्वरी उच्च माध्यामिक विद्यालय रगनीको आर्थिक, भौतिक तथा शैक्षिक लगानीवाट सुरु गरिएको यस क्याम्पसमा यस भेगको समाजबाट निरन्तर सहयोग प्राप्त भइरहेको छ। सहयोगका निम्न उदाहरणहरु छन्

१. आफ्ना विद्यार्थीहरुलाई क्याम्पसमा भर्ना गर्न पठाएर
२. विभिन्न संघ संस्थाहरुले सकेको सहयोग गरेर
३. वडा कार्यालयले आर्थिक सहयोग गरेर
४. गाउँपालीकाले आर्थिक सहयोग गरेर
५. क्याम्पसको समस्यामा समाधानमा सहयोगका लागि प्रतिवद्धता प्रकट गरेर।

### 4.3 Plan for Campus's Contributions to Society

यस क्याम्पसको सेवा क्षेत्र अन्तर्गतको ग्रामीण क्षेत्रमा क्याम्पसबाट निम्न प्रकारका सहयोग गर्ने योजना रहेको छ ।

१. बाल विवाहलाई निरुत्साहित बनाउन "विहेवारी विस वर्ष पारी" भन्ने नेपालको कानुनी मान्यता स्थापित गर्ने ।
२. प्राकृतिक प्रकोप, गम्भीर रोगबाट पीडित र फरक क्षमताका व्यक्तिहरुलाई सक्दो सहयोग गर्ने ।
३. स्वस्थ्य समाज निर्माण र जनसंख्या नियन्त्रणका लागि सकेको योगदान गर्ने ।

४. जातीय विभेद र लैंगिक विभेद अन्त्यका लागि शिक्षक, कर्मचारी र विद्यार्थीहरु मार्फत सकेको सहयोग गर्ने।
५. महिला शशक्तिकरण गराउने।
६. लैङ्गिक समता र लैङ्गिक समानताको बारेमा समाजमा स्पष्ट गराउने।
७. सामाजिक मुल्य, मान्यता, धर्म संस्कार र रीतिरिवाजको जगेर्ना गर्न उत्प्रेरित गर्ने।
८. योग्य र दक्ष नागरिक तयार पारी सभ्य समाजको विकास गर्न सहयोग गर्ने।

### 4.4 Plan for Increased Involvement of Society in the Campus

समाजबाट थप सहयोग भित्र्याएर क्याम्पसलाई आर्थिक, भौतिक र शैक्षिक रुपमा सवल गराउने प्रयास भइरहेको छ। समाजको क्याम्पस प्रतिको उत्तर दायित्व अभिवृद्धि गर्दै क्याम्पस प्रति अपनत्वको भावना विकास गराउन खिजीदेम्बा गाउँपालिका भित्रको सबै वडाहरुको बैठकमा सहयोगका लागि अपिल गर्दै जनस्तरमा समेत विस्तार गर्दै लैजाने योजना राखिएको छ। समाजमा पछि पारिएका समुदायका विद्यार्थीहरुलाई आर्थिक सहयोग पुयाउन विभिन्न संघ संस्थाहरुबाट सहयोग जुटाई सहभागिता बढाउन समेत प्रयास गरिने छ।

### 5.1 Issues and Challenges

**Short-term and Long-term**

रगनी चण्डेश्वरी क्याम्पसका अल्पकालीन तथा दीर्घकालीन चुनौतिहरु निम्नअनुसार रहेका छन्
१. क्याम्पसको आफ्नै भवन नहुनाले ९:३० पछिका कक्षाहरु व्यवस्थापन गर्न समस्या पर्नु।
२. आफ्नो भवन नहुनाले पुस्तकालय, कम्प्युटर कक्षा, अफिस कोठा व्यवस्थानमा समस्या रहेको छ।
३. आर्थिक अभावले पूर्णकालीन शिक्षकको संख्या बढाउन नसक्नु।
४. प्रथम वर्षमा जति विद्यार्थी भर्ना हुन्छन्, द्वितीय, तृतीय र चौथो वर्षसम्म सोही संख्या कायम गराउन चुनौतिपूर्ण रहेको छ।
५. प्राध्यापक तथा कर्मचारीका वृत्ति विकास गर्न चुनौति छ।
६. क्याम्पसलाई आवश्यक आर्थिकको व्यवस्था गर्न।
७. क्याम्पसका प्रशासनिक कार्यहरु सञ्चालन गर्न र पठनपाठन गर्न पर्याप्त कोठाहरुको अभाव हुनु।
८. क्याम्पसमा भर्ना भएका सबै विद्यार्थीहरु नियमित नहुँदा शैक्षिक गुणस्तर सोचेजस्तो नहुनु।

### 5.3 Mitigation Measures Take to Address the Issues and meet the Challenges

रगनी चण्डेश्वरी क्याम्पस खिजीदेम्बा २ ओखलढुंगाका माथि उल्लेखित चुनौतिहरुको सामना तथा समाधान गर्न क्याम्पस सञ्चालक समिति, शिक्षक स्टाफ, स्थानीय सरोकारवाला बुद्धिजीवी, अभिभावक, राजनीतिक दलका प्रतिनिधि आदिको समन्वय र सहयोगवाट चुनौतिहरुको सामना गर्न एकवद्ध भई लाग्ने कुरामा हामी आशावादी छौं। गत चार आर्थिक वर्षमा वडा कार्यालय तथा गाउँपालिकाले क्याम्पसका लागि आर्थिक सहयोग माग्ने र दिने कुरामा सबै एकमत हुनुले पनि क्याम्पसको भविष्य उज्वल हुनेछ भन्ने कुरामा आशावादी हुन सकिन्छ। क्याम्पसले सबै समस्या तथा चुनौतिको सामना गर्न निम्नलिखित योजना बनाइ अघि बढ्ने सोच राखेको छ।

### 5.3.1 Plan for Addressing the Issues and Challenges

१. २०७९ कार्तिक देखी निर्माणाधीन तीन कोठे पक्की भवनलाई तला थपी ६ कोठे बनाउन विश्वविद्यालय अनुदान आयोगमा प्रस्ताव पेश गरि अगाडी बढ्ने ।

२. दाताहरुलाई क्याम्पसमा छात्रावृत्ति, अक्षयकोष स्थापना गर्न अभिप्रेरित गर्न अन्तरक्रिया गर्ने ।

३. क्याम्पस भर्ना भएका गरीव, जेहेन्दार र पिछडीएका विद्यार्थीहरुलाई छात्रावृत्तिको व्यवस्था गर्ने ।

४. क्याम्पसका लागि सांसद क्षेत्र विकास कोषवाट अनुदान सहयोग उपलब्ध गराउन पहल गर्ने ।

५. विश्वविद्यालय अनुदान आयोगवाट नियमित अनुदान तथा भौतिक पूर्वाधार विकास निर्माणका लागि प्रक्रिया अगाडि वढाउन पहल गर्ने ।

६. विद्यार्थीहरुलाई क्याम्पसमा नियमित गराउन प्रोत्साहित गर्ने ।

## 6. Annual Work plan and Budget of the current Year

रगनी चण्डेश्वरी क्याम्पसको चालु आ.व. २०७९ / ०८० को बजेट

**तालिका १२**

| अनुमानित आय | | | अनुमानित व्यय | | | कैफियत |
|---|---|---|---|---|---|---|
| क्र. सं. | आय शिर्षक | अनुमानित आय रकम | क्र. सं. | व्यय शिर्षक | व्यय रकम | |
| १ | विद्यार्थीबाट उठ्ने शुल्क | १२५००००/- | १ | शिक्षक कर्मचारी तलब भत्ता | ११५००००/- | |
| २ | प्रमाण पत्र | २००००/- | २ | प्रशासनिक खर्च | ४०००००/- | |
| ३ | विश्वविद्यालय अनुदान आयोग | १६५००००/- | ३ | क्याम्पस भवन निर्माणका लागि | ६००००००/- | |
| ४ | प्रदेश सरकार शिक्षा विकास निर्देशनालय, धनकुटा | ५०००००/- | ४ | पुस्तकालय व्यवस्थापन | २०००००/- | |
| ५ | बैंक व्याज | ५००००/- | ५ | विद्यार्थी नियमितताका लागि प्रोत्साहन कार्यक्रम | १०००००/- | |
| ६ | भवन निर्माण | ५००००००/- | ६ | छात्रावृत्ति | ७००००/- | |
| | कुल अनुमानित आय | ८४७००००/- | | कुल अनुमानित व्यय | ७९२००००/- | |

अन्त्यमा शिक्षाको उज्यालो ज्योति छरी देश बिकासका लागि आवश्यक जनशक्ति उत्पादन गर्दै आएको यस रगनी चण्डेश्वरी क्याम्पस स्थापना र बिकासमा सहयोग गर्नुहुन सम्पूर्ण शिक्षाप्रेमी महानुभावहरुलाई धन्यवाद ज्ञापन गरिन्छ । सामुदायिक क्याम्पसको आर्थिक भौतिक तथा शैक्षिक बिकासका लागि सहयोग गर्नु हुने बिश्वबिद्यालय अनुदान आयोग, प्रदेश सरकार शिक्षा विकास निर्देशनालय धनकुटा , खिजीदेम्बा गाँउपालिका, खिजीदेम्बा गाँउपालिका वडा न. २ रगनी तथा सरोकारवाला सबै संघसंस्था बाट आगामी दिनमा पनि निरन्तर सहयोगको अपेक्षा गरिन्छ।

.........................

चित्र कुमार पौडेल

क्याम्पस प्रमुख